लुम्बिनी प्रदेश सरकार
उद्योग,पर्यटन तथा यातायात मन्त्रालय
उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
फोनः ०७१-५७०२०४

# घरेलु तथा साना उद्योग कार्यालय

सिद्धार्थनगर रुपन्देही

**वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको सीप परीक्षण सम्बन्धी सूचना ।**

**सूचना प्रकाशित मितिः २०८२/११/१२**

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरुको सीप परीक्षण कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीको क्रममा सिकेको सीपलाई स्वदेशमा फर्किएपछि उपयोग गरी उद्यमशिल र स्वावलम्बी बन्न चाहाने व्यक्तिहरुको राष्ट्रिय सीप परीक्षण बोर्ड मार्फत सीप परीक्षण गरी प्रमाणपत्र दिने व्यवस्था रहेबमोजिम यस कार्यालयबाट वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको सीप परीक्षण परीक्षा सञ्चालन गरिने हुँदा उक्त परीक्षामा सम्मिलित हुन ईच्छुक १८ बर्ष उमेर पुगेका, लुम्बिनी प्रदेशमा स्थायी बसोबास गर्ने नेपाली नागरिकले निम्न बमोजिम उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफुले वैदेशिक रोजगारीबाट हासिल गरेको सीप र परीक्षण गर्न चाहेको सीप उल्लेख गरी घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देहीमा उपस्थित भई वा यस कार्यालयको ईमेल ठेगाना csiobhw@gmail.com मार्फत दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | सीप परीक्षण हुने बिषय/क्षेत्र | आवश्यक योग्यता र पेश गर्नुपर्ने कागजातहरु |
|---|---|---|---|
| १ | वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरु को सीप परीक्षाण कार्यक्रम | क) सुरक्षा सेवा क्षेत्र,<br>ख) सहजकारी सेवाः सबै प्रकारका सरसफाई, फोहोर व्यवस्थापन, बगैचा व्यवस्थापन, कृषि तथा कृषिजन्य उद्योग, होटल क्षेत्र, क्याटेरिङ्ग सेवा, सेल्स तथा सप्लाई सेवा, पर्यटन सेवा, व्यवसाय र उर्जा क्षेत्र<br>ग) व्यवसाय सहयोग सेवा क्षेत्र अन्तर्गतका चालक र परिचालक, समानको भण्डार मर्मत सम्भार, प्राविधिक तथा परामर्श, प्लम्बर, इलेक्ट्रिसियन, डकर्मी, सिकर्मी लगायत निर्माण कार्यमा संलग्न कार्य, विभिन्न मेसिन सञ्चालन तथा अपरेटिङ्ग सेवा लगायत विभिन्न प्रकारका उद्योग सञ्चालन | क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र राहदानीको प्रतिलिपि,<br>ख) विदेशमा रहँदा हासिल गरेको सीप तथा अनुभवसँग सम्बन्धित प्रमाणपत्रको प्रतिलिपि, वा आफुले प्राप्त गरेको सीपसँग सम्बन्धित स्वघोषणा पत्र,<br>ग) सीप परीक्षण शुल्कमा साझेदारी गर्न इच्छुक रहेको सम्बन्धी स्वघोषणा,<br>घ) हालसालै खिचिएको पासफोर्ट साइजको ३ प्रति र अटो साइजको १ प्रति फोटो,<br>ङ) उल्लेखित कागजात संलग्न गरिएको र आफुले परीक्षण गर्न चाहेको विषय खुलेको निवेदन |

**पुनश्चः**

- निवेदन फारम तथा स्वघोषणा यस कार्यालयको वेवसाईट www.csirupandehi.lumbini.gov.np बाट डाउनलोड गरी भर्न सकिनेछ ।
- रित नपुगी तथा म्याद नाघी आएका निवेदन उपर कारबाही हुने छैन ।
- सीप परीक्षण गर्दा राष्ट्रिय सीप परीक्षण समितिबाट सीप परीक्षणका लागि तोकिएको प्रतिव्यक्ति लागतका आधारमा कार्यालयबाट कुल लागतको ८० प्रतिशत र सम्बन्धित व्यक्तिको तर्फबाट २० प्रतिशत खर्च बेहोर्नेगरी सीप परीक्षणको व्यवस्था मिलाइनेछ ।
- माथी सीप परीक्षण हुने बिषय/ क्षेत्र खण्डमा उल्लेखित क्षेत्र अन्तर्गत समावेश भएका र राष्ट्रिय सीप परीक्षण समितिबाट सीप परीक्षण सम्बन्धी व्यवस्था भए बमोजिमको बिषयमा र तोकिएको न्यूनतम संख्यामा आवेदन पेश भएको बिषयमा मात्र सीप परीक्षण परीक्षा सञ्चानल हुनेछ ।सीप परीक्षण परीक्षा सञ्चालन हुने मिति, स्थान र सीप परीक्षण शुल्कबारे अर्को सूचना मार्फत जानकारी गराईनेछ ।
- थप जानकारीको लागी घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही, वा यस कार्यालयका अधिकृत श्री लक्ष्मी प्रसाद दाहालको फोन नं. ९८५७०४९३७४ वा उद्यम विकास सहजकर्ता श्री अनन्त पन्थीको मोबाईल नं. ९८५७०१७४९५ मा सम्पर्क गर्न सकिनेछ ।

०८२।११।१२
(शारदा भट्टराई)
प्रमुख उद्योग अधिकृत

"समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश"